प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

प्रदेश नं. ३

**हेटौंडा, मकवानपुर**

# सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीज्यूद्वारा गरिएको प्रदेश भ्रमणको संक्षिप्त जानकारी

(भ्रमण मितिः २०७५ जेष्ठ २१ गते सोमबार)

## भ्रमणको क्रममा गरिएका गतिविधिहरु

### १. सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्रदेश सभालाई सम्बोधन

नेपालको संविधान २०७२ अशोज ३ मा जारी भएपछि नेपालमा संघीयतासहितको राज्य प्रणाली प्रारम्भ भएको हो । सोही क्रममा २०७४ सालमा संघीय स्वरुपको सरकारको अवधारणा अनुसार परिकल्पना गरिएको संघ, प्रदेश र स्थानीय तहको सरकार गठन गर्ने क्रममा स्थानीय, प्रदेश र संघ गरी तीन तहको निर्वाचन भई सरकारहरु निर्माण भई कार्यरत छन् । तिनवटै तहमा निर्वाचित सरकारहरु गठन भए अनुरुप प्रदेश नं. ३ मा पनि सरकार गठन भई क्रियाशील रहेको छ । प्रदेश सरकारको कार्य प्रभावकारिताको लागि प्रदेश र संघबीचको समन्वय र सहकार्यको अपरिहार्यतालाई नेपालको संविधानमा समावेश गरिएको छ । प्रदेश सरकारको कार्य प्रभावकारिताको लागि केन्द्रिय सरकारको नेतृत्वको निकै ठूलो महत्व रहन्छ । नेपालको शासन प्रणाली संसदीय स्वरुपको र प्रधानमन्त्री कार्यकारी प्रमुख रहने प्रणाली हो । यस परिप्रेक्ष्यमा प्रदेश सरकारको लागि प्रधानमन्त्रीको औपचारिक तथा अनौपचारिक भ्रमण र सम्बोधनको विशेष महत्व रहन्छ । प्रस्तुत पृष्ठभूमिमा सम्माननीय प्रधानमन्त्रीज्यूले जेष्ठ २१ गते केन्द्रिय राजधानी काठमाडौंबाट प्रदेश नं ३ को अस्थायी राजधानी हेटौंडा आई सर्वप्रथम प्रदेश सभालाई सम्बोधन गर्नुभयो । सो सम्बोधनको क्रममा वहाँले राष्ट्रिय विकास र समृद्धिका विषयमा बृहद् चर्चा गर्नुभयो जसको नेपाल टेलिभिजन लगायत संचार माध्यमले प्रत्यक्ष प्रसारण गरेका थिए ।

## २. सम्माननीय प्रधानमन्त्रीज्यूबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय निरीक्षण

जेष्ठ २१ गते नै सम्माननीय प्रधानमन्त्रीज्यूले प्रदेश नं. ३ को हेटौंडामा रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको भ्रमण गर्नुभयो । सो क्रममा वहाँले मुख्यमन्त्री माननीय डोरमणि पौडेलसहित प्रदेश सरकारका सबै मा. मन्त्रीहरु, प्रमुख सचिव श्री रेश्मीराज पाण्डे तथा प्रदेश मन्त्रालयका सबै सचिवहरुसँग संयुक्त रुपमा भेटघाट र छलफल गर्नुभयो । उक्त भेटघाटको क्रममा प्रमुख सचिवले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट प्रदेश नं ३ को प्रदेश सरकारले हालसम्म सम्पन्न गरेका र अब गर्नुपर्ने कार्यहरु, प्रदेश सरकारका मन्त्रालयहरुको अवस्था र चुनौती लगायतका विषयवस्तु समेटी संक्षिप्त प्रस्तुती गर्नुभएको थियो ।

प्रमुख सचिवको प्रस्तुतीपश्चात सम्माननीय प्रधानमन्त्रीज्यूले संक्षिप्त सम्बोधन तथा निर्देशन दिदै नेपालको विकास र समृद्धिको लागि अब अलमल गर्न नहुने र बाह्य नक्कल र परनिर्भरतामुखी होइन कि आफ्नै आवश्यकता र सन्दर्भ सुहाउँदो नीति र कार्यक्रममार्फत अगाडि बढ्नुपर्ने कुरा बताउनुभयो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको भ्रमणपश्चात सोही दिन अपरान्ह सम्माननीय प्रधानमन्त्रीज्यूले प्रदेशका अगुवा राजनीतिक कार्यकर्ता र संचारकर्मीहरुसँग समेत संक्षिप्त भेटघाट गर्नुभएको थियो ।

नेपालको कार्यकारिणी अधिकारको प्रयोग संवैधानिक व्यवस्था अनुसार तीनै तहका सरकारहरुले समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त र नीति अनुरुप गर्नुपर्ने हुन्छ । यसको लागि सबै तहका सरकारबीच दोहोरो संवाद र छलफलको ठूलो महत्व हुन्छ । यसमा पनि केन्द्र सरकारका सर्वोच्च कार्यकारी प्रधानमन्त्रीको नेतृत्व र भूमिकाको महत्व सर्वोपरी हुन्छ । यसर्थ, सम्माननीय प्रधानमन्त्रीज्यूको यस भ्रमण प्रदेश सरकारका लागि अर्थपूर्ण र प्रेरणादायी मानिएको छ ।